विधेयक सख्या

# निजामती सेवा ऐन, २०४९ लाई संशोधन गर्न वनेको
# विधेयक

व्यबस्थापिका संसद सचिवालय
संसद भवन
सिंहदरवार

## निजामती सेवा (तेश्रो संशोधन) विधेयक, २०७० पेश गर्नुपर्ने
## परिस्थिति र कारण

निजामती सेवा ऐन, २०४९ मा व्यवस्था भए बमोजिम कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनको आधारमा बढुवा भएका कर्मचारीहरुको समायोजनद्वारा व्यवस्थापन गर्ने, सो बढुवाको विकल्पको रुपमा ज्येष्ठता र कार्यसम्पादनको आधारमा हुने बढुवाको व्यवस्था गरी विद्यमान व्यवस्थामा सुधार गर्ने लगायत उक्त ऐनमा विद्यमान केही व्यवस्थामा समेत संशोधन गरी सुधार गर्न आवश्यक भएकोले निजामती सेवा (तेश्रो संशोधन) बिधेयक तत्कालीन व्यवस्थापिका-संसदमा पेश गरिएकोमा सो बिधेयक पारित नहुँदै व्यवस्थापिका संसदको हैसियतमा काम गर्ने तत्कालीन संविधानसभाको कार्यकाल समाप्त भएकोले सो विधेयक व्यवस्थापिका-संसदबाट पारित भई तत्काल कानूनी रुप लिन सक्ने अवस्था नरहेको र कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनको आधारमा बढुवा भएका कर्मचारीहरुले लामो समयसम्म बढुवा भएको पदभन्दा तल्लो पदको नै काम गर्नुपर्ने जस्ता विद्यमान कानूनी व्यवस्था समेतमा तत्काल संशोधन गर्न आवश्यक भएकोले व्यवस्थापिका-संसद नभएको अवस्थामा मिति २०६९।१२।२९ गते निजामती सेवा (तेश्रो संशोधन) अध्यादेश, २०६९ जारी भएको र उक्त अध्यादेश मिति २०७०।११।२६ गते व्यवस्थापिका-संसदबाट स्वीकृत भइसकेको छ । व्यवस्थापिका-संसदबाट स्वीकृत उक्त निजामती सेवा (तेश्रो संशोधन) अध्यादेश, २०६९ मा भएका प्रावधानहरुलाई निरन्तरता दिन आवश्यक भएको हुँदा सो अध्यादेश प्रतिस्थापन गर्ने उद्देश्यले यो निजामती सेवा (तेश्रो संशोधन) विधेयक पेश गरिएको छ ।

(लालवावु पण्डित)
मन्त्री
सामान्य प्रशासन मन्त्रालय

# निजामती सेवा ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना** : निजामती सेवा ऐन, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधानसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "निजामती सेवा (तेस्रो संशोधन) ऐन, २०७०" रहेको छ ।

(२) यो ऐनको दफा १० सम्वत् २०७० साल चैत्र २९ गते देखि प्रारम्भ हुनेछ र अन्य दफाहरु सम्वत् २०६९ साल चैत्र २९ गते देखि प्रारम्भ भएको मानिनेछ ।

२. **निजामती सेवा ऐन, २०४९ को दफा ७ मा संशोधन** : निजामती सेवा ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) को दफा ७ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा दफा १९ को उपदफा (२) बमोजिम र देहायको पद देहाय बमोजिम पूर्ति गरिनेछ :-

| पद | | खुल्ला प्रतियोगिताद्वारा | बढुवाद्वारा | | |
|---|---|---|---|---|---|
| | | | कार्यक्षमताको मूल्याङ्कनद्वारा | आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा |
| (क) | श्रेणी विहिन/ राजपत्र अनङ्कित पाँचौं श्रेणी | १००% | - | - | - |
| (ख) | राजपत्र अनङ्कित चतुर्थ श्रेणी | - | - | - | - |
| (ग) | राजपत्र अनङ्कित तृतीय श्रेणी | - | - | - | - |
| (घ) | राजपत्र अनङ्कित द्वितीय श्रेणी | ७०% | - | २०% | १०% |
| (ङ) | राजपत्र अनङ्कित प्रथम श्रेणी | ४०% | २०% | - | ४०% |
| (च) | राजपत्राङ्कित तृतीय श्रेणी | ७०% | - | - | ३०% |
| (छ) | राजपत्राङ्कित द्वितीय श्रेणी | १०% | ३५% | २०% | ३५% |
| (ज) | राजपत्राङ्कित प्रथम श्रेणी | १०% | ३५% | २०% | ३५% |

(२) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन् :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा रिक्त पद देहाय बमोजिम पूर्ति गरिनेछ :-

(क) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि छुट्याईएको सबै वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पद पूर्ति हुन नसक्ने भएमा जुन वर्षको लागि त्यस्तो पद छुट्याइएको हो सोही वर्षको त्यस्तो पद कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवाद्वारा,

तर उपदफा (१) को खण्ड (च) मा उल्लिखित राजपत्राङ्कित तृतीय श्रेणीको पदमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवार नभई सबै वा केही पद पूर्ति हुन नसक्ने भएमा त्यस्तो पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ ।

(ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि छुट्याइएको सबै वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पद पूर्ति हुन नसक्ने भएमा जुन वर्षको लागि त्यस्तो पद छुट्याइएको हो सोही वर्षको त्यस्तो पद खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा ।

(ग) एक श्रेणी मुनिको पद नभएको सेवा समूह वा उपसमूहको पदमा रिक्त सबै पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ ।

(१ख) यस दफा बमोजिम पदपूर्तिको लागि पदसंख्या निर्धारण गरी लोक सेवा आयोगले विज्ञापन प्रकाशित गर्नेछ ।"

(३) उपदफा (१०) मा रहेका 'सोही वर्ष' भन्ने शब्दहरुको सट्टा 'अर्को वर्ष' भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपदफा (१५) झिकिएको छ ।

(५) उपदफा (१६) पछि देहायको उपदफा (१६क) थपिएको छ :-

"(१६क) उपदफा (१६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निकायमा आंशिक रुपमा काम गरेको अनुभव सो प्रयोजनको लागि गणना हुने छैन ।

<u>स्पष्टीकरण</u> : यस उपदफाको प्रयोजनको लागि "आंशिक रुपमा काम गरेको" भन्नाले प्रति हप्ता चालीस घण्टा भन्दा कम समय गरेको कामलाई जनाउँनेछ ।"

३. <u>मूल ऐनको दफा १० मा संशोधन</u> : मूल ऐनको दफा १० को उपदफा (१) को खण्ड (ग) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (३) पछि देहायको खण्ड (४) थपिएको छ :-

"(४) दफा ७ को उपदफा (८) बमोजिम तोकिएका अपाङ्गता भएका व्यक्तिहरु चालीस वर्षको उमेरसम्म उम्मेदवार हुन सक्नेछन् ।"

४. <u>मूल ऐनको दफा १८ मा संशोधन</u> : मूल ऐनको दफा १८ को,-

(१) उपदफा (४) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :-

"तर राजपत्र अनङ्कित पदमा लोक सेवा आयोग वा बढुवा समितिबाट सिफारिस भएको तथा राजपत्राङ्कित पदमा लोक सेवा आयोग वा बढुवा समितिको सिफारिसमा पहिलो पटक पदस्थापन भएको कार्यालयमा उपदफा (३) बमोजिमको अवधि नपुगी कुनै पनि कर्मचारीको सरुवा हुने छैन ।"

(२) उपदफा (७) मा रहेको "दश" भन्ने शब्दको सट्टा "सात" भन्ने शब्द राखी सोही उपदफामा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :-

"तर राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा सिफारिस भएको कर्मचारीले सिफारिस भएको कार्यालयमा उपदफा (३) बमोजिमको अवधि सेवा गरेपछि सो विकास क्षेत्रभित्र सरुवा हुन सक्नेछ ।"

(३) उपदफा (११) को सट्टा देहायको उपदफा (११) राखिएको छ :-

"(११) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाको खण्ड (ग), (घ) वा (ङ) को अवस्थामा बाहेक सम्बन्धित कर्मचारी आफैले स्वेच्छाले निवेदन नदिई राजपत्र अनङ्कित वा श्रेणीविहीन कर्मचारीलाई उपदफा (३) बमोजिमको अवधि पूरा नभई सरुवा गरिने छैन ।"

५.	<u>मूल ऐनको दफा १८क. मा संशोधन</u> : मूल ऐनको दफा १८क. को,-

(१)	उपदफा (२ग) पछि देहायको उपदफा (२घ) थपिएको छ :-

"(२घ) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १८ को उपदफा (७) बमोजिम नियुक्ति भएको कर्मचारीलाई सो बमोजिमको अवधि पूरा नभए सम्म एक वर्षमा तीन महिना भन्दा बढी काजमा खटाइने छैन ।"

(२)	उपदफा (३) मा रहेका "(२क) र (२ख)" भन्ने शव्दहरुको सट्टा "(२क), (२ख) र (२घ)" भन्ने शव्दहरु राखिएका छन् ।

६.	<u>मूल ऐनको दफा १९ मा संशोधन</u> : मूल ऐनको दफा १९ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख)	राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सो सरहको पदमा भए :-

(१)	रिक्त पद मध्ये वीस प्रतिशत पदमा कार्यसम्पादन मूल्याङ्कनमा औसतमा पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेका र राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा सबैभन्दा बढी सेवा अवधि भएको सम्भाव्य उम्मेदवारलाई बढुवा समितिको सिफारिसमा नेपाल सरकारले बढुवा गर्नेछ ।

(२)	रिक्त पद मध्ये असी प्रतिशत पदमा कार्यसम्पादन मूल्याङ्कनको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सम्भाव्य उम्मेदवारहरु मध्येबाट उपलब्ध भएसम्म रिक्त पदको तेब्बर संख्यामा बढुवा समितिले सिफारिस गरेका उम्मेदवारहरु मध्येबाट नेपाल सरकारले ज्येष्ठता र कार्यकुशलताको आधारमा उपयुक्त ठहऱ्याएको उम्मेदवारलाई बढुवा गर्नेछ ।

(३)	यस खण्ड बमोजिम बढुवा समितिले सिफारिस गर्दा पहिले उपखण्ड (१) बमोजिमको सिफारिस गरेपछि उपखण्ड (२) बमोजिमको सिफारिस गर्नेछ ।

(४)	यस खण्ड बमोजिम पदपूर्तिको लागि लोक सेवा आयोगले पदसंख्या निर्धारण गर्नेछ ।"

७.	<u>मूल ऐनको दफा २४घ. मा संशोधन</u> : मूल ऐनको दफा २४घ. को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) निजामती कर्मचारीहरुलाई शैक्षिक योग्यताको अङ्क दिंदा निजामती सेवाको कुनै पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत एकमुष्ठ नौ अङ्क र सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सेवा, समूह वा उप-समूहसँग सम्बन्धित विषयको एक अतिरिक्त शैक्षिक उपाधि बापत एकमुष्ट तीन अङ्क दिइनेछ । सेवा प्रवेश गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक उपाधि मात्र पाएको अवस्थामा पनि सोही बराबरको दुवै अङ्क दिइनेछ ।"

८.	<u>मूल ऐनमा दफा २४घ१क. र २४घ१ख. थप</u> : मूल ऐनको दफा २४घ१. पछि देहायका दफा २४घ१क. र २४घ१ख. थपिएका छन् :-

"२४घ१क. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा समितिले जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको लागि सिफारिस गर्दा बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सबैभन्दा बढी सेवा अवधि भएका उम्मेदवारलाई देहाय बमोजिमको आधारमा बढुवाको सिफारिस गर्नेछ :-

(क) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसतमा पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको,

(ख) राजपत्र अनङ्कित प्रथम श्रेणीको पदको लागि कम्तीमा एस. एल. सी. वा सो सरहको शैक्षिक योग्यता भएको,

(ग) राजपत्राङ्कित पदको लागि देहाय बमोजिमको योग्यता भएको :-

(१) राजपत्राङ्कित द्वितीय श्रेणी वा सो भन्दा माथिको पदको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह वा सो सरहको तथा राजपत्राङ्कित तृतीय श्रेणीको पदको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता भएको,

(२) बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढीको सेवाकालीन तालीम लिएको,

(३) हाल बहाल रहेको श्रेणीमा भौगोलिक क्षेत्रमा काम गरे बापत दफा २४ग. बमोजिम पूरा अङ्क प्राप्त गरेको ।

तर भौगोलिक क्षेत्रमा काम गरे बापत पूरा अङ्क प्राप्त गरेको सम्भाव्य उम्मेदवार नभएमा वा छुट्याइएको रिक्त पदमा सम्भाव्य उम्मेदवार नपुग हुने अवस्था भएमा त्यस्तो पदमा भौगोलिक क्षेत्रमा काम गरे बापत पूरा अङ्क प्राप्त नगरेको कर्मचारीलाई पनि सम्भाव्य उम्मेदवार कायम गरी बढुवा गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा समितिले दफा ७ को उपदफा (१) को खण्ड (घ) बमोजिमको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको लागि सिफारिस गर्दा देहायको आधारमा बढुवाको सिफारिस गर्नेछ :-

(क) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसतमा पन्चानब्बे प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गरेको,

(ख) सम्बन्धित सेवा, समूह वा उपसमूहको राजपत्र अनङ्कित द्वितीय श्रेणीको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको, र

(ग) श्रेणी विहिन पदमा वा राजपत्र अनङ्कित पाँचौं श्रेणीको पदमा आवद्ध भएका उम्मेदवारलाई श्रेणी विहिन पदमा गरेको सेवा अवधि समेत गणना गरी कम्तीमा कूल सेवा अवधि वीस वर्ष पुरा भएका उम्मेदवारहरु मध्ये सबैभन्दा बढी सेवा अवधि भएको ।

(३) उपदफा (१) को खण्ड (ग) को उपखण्ड (३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको सम्भाव्य उम्मेदवार बढुवा भएमा त्यस्तो कर्मचारीको जेष्ठता सोही उपदफा बमोजिम बढुवा हुने अन्य कर्मचारी भन्दा पछि हुने गरी कायम गरिनेछ ।

(४) यस ऐन बमोजिम बढुवा गर्दा यस दफा बमोजिम गरिने बढुवाको कारवाही सम्पन्न गरी सिफारिस गरेपछि कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवाको सिफारिस गर्नु पर्नेछ ।

२४घ१ख. कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका कर्मचारीको समायोजन सम्बन्धी व्यवस्था : (१) यो दफा प्रारम्भ हुनु भन्दा अधि कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका कर्मचारीहरुको समायोजनको लागि सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले यो दफा प्रारम्भ भएको मितिले एक महिनाभित्र सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगमा पुल दरवन्दी सिर्जना गरी त्यसरी बढुवा भएका तथा हुने कर्मचारीहरुलाई त्यस्तो दरवन्दीमा समायोजन पदस्थापना गर्नेछ ।

(२) यो दफा प्रारम्भ हुनु भन्दा अगावै कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि दरखास्त आह्वान भई बढुवा नियुक्ति पाउन बाँकी रहेको तथा यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि दरखास्त आह्वान भई बढुवा हुने कर्मचारीहरुको समायोजनको लागि सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगमा पुल दरवन्दी सिर्जना गरी त्यसरी बढुवा भएका तथा हुने कर्मचारीहरुलाई त्यस्तो दरवन्दीमा समायोजन पदस्थापन गर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यसरी बढुवा भएका तथा हुने कर्मचारीहरु निजामती सेवाको दरवन्दी नरहेको निकायमा कार्यरत रहेको भएमा त्यस्तो कर्मचारीको दरवन्दी भएको निकायमा पुल दरवन्दी सिर्जना गरी त्यस्तो दरवन्दीमा समायोजन पदस्थापन गर्नु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम समायोजन पदस्थापन भएपछि निजहरु बढुवा हुनु भन्दा अगाडि बहाल रहेको पद स्वतः खारेज हुनेछ ।

(५) उपदफा (१), (२) र (३) बमोजिम समायोजन पदस्थापन भएको दुई महिनाभित्र सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगले साविकको संगठन संरचना र दरवन्दीको पुनरावलोकन गरी कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका तथा हुने कर्मचारीहरुको समायोजनको लागि आवश्यक पर्ने दरवन्दीको स्तर उन्नति र थप दरवन्दीको यकिन गरी स्वीकृतिको लागि सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ। यसरी पठाइने विवरणमा साविकको दरवन्दी, कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएको तथा हुने कर्मचारीको विवरण तथा पुनःसंरचना गरी समायोजन गर्न सकिने दरवन्दीको विवरण खुलाइ पठाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको विवरण प्राप्त भए पछि सामान्य प्रशासन मन्त्रालयले सोको विश्लेषण गरी उपयुक्त ठहराएको दरवन्दी एक महिनाभित्र स्वीकृत गर्नेछ ।

(७) उपदफा (६) बमोजिम दरवन्दी स्वीकृत भएपछि संशोधित दरवन्दी विवरण निजामती कितावखानाबाट अद्यावधिक गराउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम निजामती कितावखानाबाट दरवन्दी विवरण अद्यावधिक भए पछि उपदफा (६) बमोजिम स्वीकृत भएको दरवन्दीमा सेवा, समूह तथा उपसमूह सञ्चालन गर्ने

मन्त्रालयले उपदफा (९) बमोजिम तयार गरिएको योग्यताक्रम सूची मध्ये माथिल्लो योग्यताक्रममा पर्ने कर्मचारीहरुको रुची तथा चाहनाको प्राथमिकताक्रम निर्धारण गर्न लगाई पदस्थापन गर्नेछ।

(९) उपदफा (८) को प्रयोजनको लागि सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले सम्बन्धित सेवा, समूह वा उपसमूहका कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका कर्मचारीहरुको योग्यताक्रम सूची तयार गरी राख्नु पर्नेछ। यसरी योग्यताक्रमको सूची तयार गर्दा देहायको आधारमा तयार गर्नु पर्नेछ :-

(क) हाल बहाल रहेको श्रेणीको पदमा ज्येष्ठता लागू भएको मितिको आधारमा,

(ख) खण्ड (क) बमोजिम ज्येष्ठता नछुट्टिएमा एक श्रेणी मुनिको पदमा नियुक्ति वा बढुवा निर्णय भएको मितिको आधारमा,

(ग) खण्ड (क) र (ख) मा उल्लिखित आधारबाट ज्येष्ठता नछुट्टिएमा एक श्रेणी मुनिको पदको लागि लोक सेवा आयोग वा बढुवा समितिको सिफारिसको योग्यताक्रमको आधारमा,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम ज्येष्ठता नछुट्टिएमा उमेरको ज्येष्ठताको आधारमा।

(१०) उपदफा (८) बमोजिम पदस्थापन भएपछि त्यस्तो पुल दरवन्दी स्वतः खारेज हुनेछ।

(११) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१), (२) र (३) बमोजिम पुल दरवन्दीमा रहेका कर्मचारीहरु उपदफा (८) बमोजिम पदस्थापन नभई अन्यत्र सरुवा हुने छैन।

(१२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (८) बमोजिम पदस्थापन भएको कार्यालयमा दफा १८ को उपदफा (३) बमोजिमको अवधि पूरा नभई कुनै पनि कर्मचारीलाई अन्यत्र सरुवा गरिने तथा काज खटाइने छैन।

(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम हुने समायोजन पदस्थापनले यस दफा बमोजिम सिर्जना भएको पद बाहेक अन्य रिक्त पदमा दफा ७ को उपदफा (१) बमोजिम पदपूर्ति गर्ने व्यवस्थामा कुनै प्रतिकूल असर पुऱ्याउने छैन।"

९. <u>मूल ऐनमा दफा ३७क. थप</u> : मूल ऐनको दफा ३७ पछि देहायको दफा ३७क. थपिएको छ :-

"३७क. <u>सेवा अवधि गणना हुने</u> : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ को उपदफा (१४) बमोजिम स्थायी नियुक्ति पाएको निजामती कर्मचारीले यो दफा प्रारम्भ भएको मितिले साठी दिनभित्र निजले निजामती सेवाको स्थायी नियुक्ति लिनुभन्दा अघि गरेको विकास तर्फको पदमा निरन्तर रुपमा गरेको सेवा अवधि जोडाउन निवेदन दिएमा त्यस्तो सेवा अवधिको शतप्रतिशत सेवा अवधि निवृत्तभरण वा उपदानको प्रयोजनको लागि हालको सेवा अवधिमा गणना गरिनेछ।"

१०. <u>खारेजी</u> : मूल ऐनको दफा २४घ१. खारेज गरिएको छ।

# निजामती सेवा (तेस्रो संशोधन) ऐन, २०७० को तीन महले

<table>
<tr><th>क्र.सं.</th><th>मूल ऐनको व्यवस्था</th><th>प्रस्तावित व्यवस्था</th><th>औचित्य र कारणहरु</th></tr>
<tr><td>१.</td><td></td><td>संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "निजामती सेवा (तेस्रो संशोधन) ऐन, २०७०" रहेको छ ।<br>(२) यो ऐनको दफा १० सम्वत् २०७० साल चैत्र २९ गते देखि प्रारम्भ हुनेछ र अन्य दफाहरु सम्वत् २०६९ साल चैत्र २९ गते देखि प्रारम्भ भएको मानिनेछ ।</td><td></td></tr>
<tr><td>२</td><td>दफा ७ निजामती सेवाको पदपूर्ति : (१) निजामती सेवाको देहायको पद देहाय बमोजिम पूर्ति गरिनेछ :-
<table>
<tr><th rowspan="2">पद</th><th rowspan="2">खुल्ला प्रतियोगिता द्वारा</th><th colspan="3">बढुवाद्वारा</th></tr>
<tr><th>कार्य क्षमताको मूल्यांकनद्वारा</th><th>आन्तरिक प्रतियोगितात्मक परीक्ष द्वारा</th><th>कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने बढुवाको समायोजन द्वारा</th></tr>
<tr><td>(क) श्रेणी विहिनराजपत्रअनङ्कित पाँचौ</td><td>१०० %</td><td></td><td></td><td></td></tr>
<tr><td>(ख) राजपत्र अनङ्कित चतुर्थ श्रेणी</td><td>-</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>(ग) राजपत्र अनङ्कित तृतीय श्रेणी</td><td></td><td>१००%</td><td>-</td><td>-</td></tr>
<tr><td>(घ) राजपत्र अनङ्कित द्वितीय श्रेणी</td><td>६०%</td><td>२०%</td><td>२०%</td><td>-</td></tr>
</table></td><td>मूल ऐनको दफा ७ मा संशोधन : निजामती सेवा ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) को दफा ७ को,-<br>(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-<br>"(१) निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा दफा १९ को उपदफा (२) बमोजिम र देहायको पद देहाय बमोजिम पूर्ति गरिनेछ :-
<table>
<tr><th rowspan="2">पद</th><th rowspan="2">खुल्ला प्रतियोगिता द्वारा</th><th colspan="3">बढुवाद्वारा</th></tr>
<tr><th>कार्यक्षमताको मूल्याङ्कनद्वारा</th><th>आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा</th><th>जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा</th></tr>
<tr><td>(क) श्रेणी विहिन /राजपत्र अनङ्कित पाँचौ श्रेणी</td><td>१००%</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>(ख) राजपत्र अनङ्कित चतुर्थ श्रेणी</td><td>-</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>ग) राजपत्र अनङ्कित तृतीय श्रेणी</td><td>-</td><td>-</td><td>-</td><td>-</td></tr>
</table></td><td>बढुवा व्यवस्थामा सुधार गरी रिक्त पदमा बढुवा गर्दा ज्येष्ठतालाई प्रमुख आधारको रुपमा लिई बढुवा गरिने व्यवस्था समेत समावेश गर्नु उपयुक्त भएकोले ।</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| (ङ) राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा | ६०% | २०% | | २०% |
| (च) राजपत्राङ्कित तृतीय श्रेणीको पदमा | ७०% | १०% | १०% | १०% |
| (छ) राजपत्राङ्कित द्वितीय श्रेणी | १०% | ६०% | २०% | १०% |
| (ज) राजपत्राङ्कित प्रथम श्रेणीको पदमा | १०% | ६०% | २०% | १०% |

(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदको लागि आवश्यक न्यूनतम योग्यता पूरा गरी यो दफा प्रारम्भ हुँदाका बखत सरकारी निकायबाट सञ्चालित महिला विकास कार्यक्रमको स्थायी पदमा कार्यरत कम्तीमा पाँच वर्ष अस्थायी सेवा गरेका महिला उम्मेदवारलाई मात्र यो दफा प्रारम्भ भएपछि एकपटकका लागि तोकिएको पदमा लोक सेवा आयोगबाट निर्धारित प्रतिस्पर्धात्मक परीक्षा लिई स्थायी नियुक्ति गर्न सकिनेछ ।

(१५) उपदफा (१) बमोजिम कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने बढुवाको समायोजनद्वारा पूर्ति हुने पदहरू दफा २४घ१. बमोजिम बढुवा हुने कर्मचारीहरूबाट ज्येष्ठताको आधारमा समायोजन गरिनेछ ।

| | | | | |
|---|---|---|---|---|
| (घ) राजपत्र अनङ्कित द्वितीय श्रेणी | ७०% | - | २०% | १०% |
| (ङ) राजपत्र अनङ्कित प्रथम श्रेणी | ४०% | २०% | - | ४०% |
| (च) राजपत्राङ्कित तृतीय श्रेणी | ७०% | - | - | ३०% |
| (छ) राजपत्राङ्कित द्वितीय श्रेणी | १०% | ३५% | २०% | ३५% |
| (ज) राजपत्राङ्कित प्रथम श्रेणी | १०% | ३५% | २०% | ३५% |

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) र (१ख) थपिएको छ :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा रिक्त पद देहाय बमोजिम पूर्ति गरिनेछ :-

(क) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि छुट्याईएको सबै वा केही पदमा संभाव्य उम्मेदवार नभई पद पूर्ति हुन नसक्ने भएमा जुन वर्षको लागि त्यस्तो पद छुट्याइएको हो सोही वर्षको त्यस्तो पद कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवाद्वारा,

तर उपदफा (१) को खण्ड (च) मा उल्लिखित राजपत्राङ्कित तृतीय श्रेणीको पदमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि संभाव्य उम्मेदवार नभई सबै वा केही पद पूर्ति हुन नसक्ने भएमा त्यस्तो पद खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिनेछ ।

बढुवाको लागि छुट्याइएका पदमा संभाव्य उम्मेदवार नभई पदपूर्ति नहुने अवस्था आउन नदिन त्यस्तो बाँकी सिट पदपूर्ति हुने वैकल्पिक व्यवस्था गर्नु उचित भएकोले ।

कार्य सम्पादन तथा अनुभवको मूल्यांकनद्वारा बढुवा भएका कर्मचारीहरुको समायोजनको लागि छुट्टै दफामा व्यवस्था भएकोले ।

| | | | |
|---|---|---|---|
| | | (ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि छुट्याइएको सबै वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पद पूर्ति हुन नसक्ने भएमा जुन वर्षको लागि त्यस्तो पद छुट्याइएको हो सोही वर्षको त्यस्तो पद खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा ।<br>(ग) एक श्रेणी मुनिको पद नभएको सेवा समूह वा उपसमूहको पदमा रिक्त सबै पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ । | तल्लो श्रेणीको पद नभएको अवस्थामा बढुवाको लागि सिट छुट्याउन आवश्यक नभएकोले । |
| | | (१ख) यस दफा बमोजिम पदपूर्तिको लागि पदसंख्या निर्धारण गरी लोक सेवा आयोगले विज्ञापन प्रकाशित गर्नेछ ।" | बढुवा हुने समय तालिकामा एकरुपताको लागि सबै पदको बढुवाको विज्ञापन समेत लोक सेवा आयोगबाट हुन उपयुक्त भएको । |
| | | (३) उपदफा (१०) मा रहेका 'सोही वर्ष' भन्ने शब्दहरुको सट्टा 'अर्को वर्ष' भन्ने शब्दहरु राखिएका छन् ।<br>(४) उपदफा (१५) झिकिएको छ ।<br>(५) उपदफा (१६) पछि देहायको उपदफा (१६क) थपिएको छ :- | समावेशीको लागि छुट्याइएको सिटमा दोस्रो विज्ञापनमा समेत उपयुक्त उम्मेदवार नभएमा विद्यमान व्यवस्था कार्यान्वयन गर्न सहज गर्नु परेकोले । |
| | | "(१६क) उपदफा (१६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निकायमा आंशिक रुपमा काम गरेको अनुभव सो प्रयोजनको लागि गणना हुने छैन ।<br>स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "आंशिक रुपमा काम गरेको" भन्नाले प्रति हप्ता चालीस घण्टा भन्दा कम समय गरेको कामलाई जनाउनेछ ।" | राजपत्रांकित प्रथम श्रेणी र द्वितीय श्रेणीको पदमा काम गर्ने कर्मचारीले निर्वाह गर्नु पर्ने भूमिकालाई मध्यनजर गरी सो पदको खुला प्रतियोगिताको लागि शैक्षिक योग्यताको अतिरिक्त अधिकृतस्तरको पदको अनुभव समेत आवश्यक पर्ने व्यवस्था गरिएकोमा आंशिक रुपमा गरेको कामको अनुभवको गणना गर्दा ऐनले राखेको उद्देश्य पूरा हुन नसक्ने देखिएकोले । |

| | | | |
|---|---|---|---|
| ३. | **१०. उम्मेदवार हुनको लागि अयोग्यताः** (१) देहायका व्यक्तिहरू निजामती सेवाको पदमा उम्मेदवार हुन सक्ने छैनन् :-<br>(क) राजपत्र अनंकित र श्रेणीविहीन पदमा १८ वर्ष उमेर पूरा नभएका,<br>(ख) राजपत्रांकित पदमा २१ वर्ष उमेर पूरा नभएका,<br>(ग) पुरुष उम्मेदवारको हकमा पैतीस वर्ष र महिला उम्मेदवारको हकमा चालीस वर्ष उमेर पूरा भइसकेका,<br>तर,<br>(१) भूतपूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनी तोकिएको निजामती सेवाको पदमा चालीस वर्ष ननाघेका जुनसुकै व्यक्ति उम्मेदवार हुन सक्नेछन् ।<br>(२) राजपत्रांकित द्वितीय र प्रथम श्रेणीको खुल्ला प्रतियोगितामा पैंतालीस वर्ष ननाघेका व्यक्ति उम्मेदवार हुन सक्नेछन् ।<br>(३) निजामती सेवाका स्थायी बहालवाला कर्मचारीको हकमा उम्मेदवारको हद लाग्ने छैन । | मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को उपदफा (१) को खण्ड (ग) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (३) पछि देहायको खण्ड (४) थपिएको छ :-<br>"(४) दफा ७ को उपदफा (८) बमोजिम तोकिएका अपाङ्गता भएका व्यक्तिहरु चालीस वर्षको उमेरसम्म उम्मेदवार हुन सक्नेछन् ।" | सकारात्मक विभेदको नीतिलाई सार्थक बनाई निजामती सेवाको पदको लागि हुने खुला प्रतिस्पर्धामा अपांगता भएका व्यक्तिहरुको संख्या बढाउन महिला सरहको उमेर सम्म उम्मेदवार हुन पाउने व्यवस्था गर्नु उपयुक्त भएकोले । |
| ४. | **१८ सरुवा गर्ने अधिकार** : (१) निजामती कर्मचारीलाई देशको विभिन्न भौगोलिक क्षेत्रको अनुभव समेत दिलाउनका लागि उपदफा (३) बमोजिम सरुवा गरिनेछ र त्यस्तो सरुवा गर्ने अधिकार अख्तियारवालालाई हुनेछ ।<br>तर,<br>(क) एक मन्त्रालय वा अन्तर्गतको विभाग वा कार्यालयको निजामती कर्मचारीलाई अर्को मन्त्रालय र अन्तर्गतको विभाग वा कार्यालयमा सामान्य प्रशासन मन्त्रालयले सरुवा गर्नेछ ।<br>(ख) प्रशासन सेवा, लेखा समूहका कर्मचारीहरुको सरुवा महालेखा नियन्त्रकको कार्यालयले गर्नेछ ।<br>(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा निजामती कर्मचारीलाई निजको सरुवापत्रमा तोकिएको अवधि नपुग्दै सामान्य प्रशासन मन्त्रालयको सहमति लिई सरुवा गर्न सकिनेछ :- | मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को,-<br>(१) उपदफा (४) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :-<br>तर राजपत्र अनङ्कित पदमा लोक सेवा आयोग वा बढुवा समितिबाट सिफारिस भएको तथा राजपत्राङ्कित पदमा लोक सेवा आयोग वा बढुवा समितिको सिफारिसमा पहिलो पटक पदस्थापन भएको कार्यालयमा उपदफा (३) बमोजिमको अवधि नपुगी कुनै पनि कर्मचारीको सरुवा हुने छैन ।"<br>(२) उपदफा (७) मा रहेको "दश" भन्ने शव्दको सट्टा "सात" भन्ने शब्द राखी सोही उपदफामा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :-<br>"तर राजपत्र अनंकित प्रथम श्रेणीको पदमा सिफारिस भएको कर्मचारीले | खुला तथा बढुवाद्वारा सिफारिस भएका कर्मचारीलाई शुरु पदस्थापन गर्दा निजहरुको सिफारिस योग्यताक्रम अनुसार पदस्थापन गरी पदस्थापना भएको कार्यालयमा तोकिएको अवधि पूरा नभई सरुवा हुन सक्ने व्यवस्था खुला गर्दा निश्चित कार्यालयको रिक्त पदको लागि सिफारिस भई पदस्थापन भएका कर्मचारीहरु समेत तुरुन्त अर्को निकायमा सरुवा हुन खोज्ने यसरी सरुवा हुँदा निश्चित कार्यालयमा सधैं पद रिक्त रही सेवा प्रवाहमा बाधा पर्न गएकोले । |

| | | | |
|---|---|---|---|
| | (क) कुनै स्थानमा कार्यरत निजामती कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको कुरा नेपाल सरकारद्वारा तोकिएको मेडिकल बोर्डले सिफारिस गरेमा,<br>(ख) कुनै निजामती कर्मचारीलाई विशेष जिम्मेवारी दिनु परेमा,<br>(ग) कुनै निजामती कर्मचारीलाई विभागीय कारबाही गर्नु परेमा,<br>(घ) कुनै निजामती कर्मचारीलाई निज कार्यरत कार्यालयमा राखिराख्न उपयुक्त नभएमा,<br>(ङ) निजामती सेवाको कुनै दरबन्दी कटौती भई सो दरबन्दीमा कार्यरत कर्मचारी फाजिलमा परेको र निजलाई सोही जिल्लास्थित अन्य कार्यालयमा समेत समायोजन गर्न सक्ने अवस्था नरहेमा,<br>(च) राजपत्र अनङ्कित निजामती कर्मचारीहरुलाई घर पायक सरुवा गर्नु परेमा ।<br>(१०) उपदफा (३) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मन्त्रालय र अन्तर्गतको विभाग वा कार्यालयको निजामती कर्मचारीलाई अर्को मन्त्रालय र अन्तर्गतको विभाग वा कार्यालयमा सामान्य प्रशासन मन्त्रालयले सरुवा गर्न सक्नेछ ।<br>(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विभागीय कारबाही गर्नु परेको अवस्थामा वा स्वास्थ्यको कारण मेडिकल बोर्डले सिफारिस गरेको अवस्थामा वा सम्बन्धित कर्मचारी आफैले स्वेच्छाले निवेदन दिएको अवस्थामा बाहेक राजपत्र अनङ्कित र श्रेणीविहीन कर्मचारीको यस दफा बमोजिमको अवधि पूरा नभई सरुवा गरिने छैन ।<br>(१२) यस दफा विपरीत सरुवा गर्ने पदाधिकारीलाई अख्तियारवालाले विभागीय कारबाही गर्न सक्नेछ र त्यस्तो सरुवा सामान्य प्रशासन मन्त्रालयले रद्द गर्नेछ । सामान्य प्रशासन मन्त्रालयले गरेको सरुवा भए नेपाल सरकार, मन्त्रिपरिषद्ले रद्द गर्नेछ । | सिफारिस भएको कार्यालयमा उपदफा (३) बमोजिमको अवधि सेवा गरेपछि सो विकास क्षेत्रभित्र सरुवा हुन सक्नेछ ।"<br><br>(३) उपदफा (११) को सट्टा देहायको उपदफा (११) राखिएको छ :-<br>"(११) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाको खण्ड (ग), (घ) वा (ङ) को अवस्थामा बाहेक सम्बन्धित कर्मचारी आफैले स्वेच्छाले निवेदन नदिई राजपत्र अनङ्कित वा श्रेणीविहीन कर्मचारीलाई उपदफा (३) बमोजिमको अवधि पूरा नभई सरुवा गरिने छैन ।" | राजपत्र अनंकित प्रथम श्रेणीमा खुला प्रतियोगिता हुँदा विकास क्षेत्रको आधारमा हुने भएकोले सो कार्यक्षेत्र अन्तर्गत सरुवा हुने व्यवस्था गर्नु उपयुक्त भएकोले र १० वर्षको अवधि धेरै लामो भएको महसुस भएकोले यो अवधिलाई ७ वर्ष कायम गर्नु न्यायोचित हुने देखिएकोले ।<br><br>अति जरुरी हुन सक्ने निश्चित अवस्थामा बाहेक राजपत्र अनंकित र श्रेणी विहिन कर्मचारीलाई निजको मंजुरी बेगर अवधि नपुगी सरुवा गर्न नसक्ने गरी सेवाको सुरक्षा गर्नु उपयुक्त भएकोले । |
| ५. | **१८क.काजसम्बन्धी व्यवस्था** : (१) निजामती कर्मचारीलाई निज कार्यरत रहेको मन्त्रालय, सचिवालय, आयोग, विभाग वा कार्यालयबाट सोही निकायको काममा मात्र अन्य स्थानमा काज खटाउन सकिनेछ । यसरी काज खटाउँदा एक वर्षमा तीन महिनाभन्दा बढी अवधिको लागि काज खटाउन पाइने छैन ।<br>तर तालिम, गोष्ठी आदिमा सोभन्दा बढी अवधिको लागि काज खटाउन सकिनेछ ।<br>(२) कुनै पनि निजामती कर्मचारीलाई निजामती सेवाको पद | <u>मूल ऐनको दफा १८क. मा संशोधन</u> : मूल ऐनको दफा १८क.को,-<br>(१) उपदफा (२ग) पछि देहायको उपदफा (२घ) थपिएको छ :-<br>"(२घ) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १८ को उपदफा (७) बमोजिम नियुक्ति भएको कर्मचारीलाई सो बमोजिमको अवधि पूरा नभए सम्म एक वर्षमा तीन महिना भन्दा बढी | लामो समय सम्म काजमा राख्न सक्ने व्यवस्थाले राजपत्र अनंकित पदमा लोक सेवा आयोगबाट सिफारिस भएको निश्चित अवधि सम्म अर्को अंचल वा क्षेत्रमा सरुवा नहुने व्यवस्था गर्नुको उद्देश्य हासिल हुन सक्ने नदेखिएकोले । |

| | | | |
|---|---|---|---|
| | नभएको निकायमा र स्वीकृत अस्थायी दरबन्दीमा काजमा खटाउँदा वा काज अवधि समाप्त नहुँदै काज फिर्ता गर्दा सामान्य प्रशासन मन्त्रालयको सहमति लिनुपर्नेछ । यस्तो कागजको अवधि एक पटकमा एक वर्षभन्दा बढी हुने छैन ।<br>तर राजपत्र अनंकित कर्मचारीलाई काज खटाउनको लागि सामान्य प्रशासन मन्त्रालयको सहमति लिइरहनुपर्ने छैन ।<br>(२क) निर्वाचन, जनगणना, नापी टोली, खानी सर्वेक्षणजस्ता काममा र स्थायी प्रकृतिका आयोग तथा समितिका काममा एकपटकका लागि एक वर्षसम्म कुनै कर्मचारीलाई काज खटाउनुपर्ने भएमा काज खटाउने निकायले सम्बन्धित निकाय र सामान्य प्रशासन मन्त्रालयको सहमति लिई काज खटाउनुपर्नेछ ।<br>(२ख) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि कार्यालयको विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदमा कार्यरत रहेको कर्मचारीलाई सो पदमा पदाधिकार राखी अन्यत्र आयोजनामा वा निकायमा काजमा खटाइने छैन ।<br>(२ग) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा पदाधिकार भएको कर्मचारीलाई सेवा, समूह मिल्ने गरी जुनसुकै निकायमा सामान्य प्रशासन मन्त्रालयले कमकाज गर्न खटाउन सक्नेछ र कुनै निजामती कर्मचारीको विशेषज्ञताको सेवा लिनको लागि अन्तरनिकायको कार्यमा कुनै कर्मचारीलाई कामकाज गर्न काजमा खटाउनुपर्ने भएमा कर्मचारी कार्यरत निकाय र काजमा लिने निकायको सहमतिमा बढीमा तीन महिनाको लागि सामान्य प्रशासन मन्त्रालयले काजमा खटाउन सक्नेछ ।<br>(३) उपदफा (१), (२), (२क) र (२ख विपरीत कुनै निजामती कर्मचारीलाई काजमा खटाइएमा त्यसरी काजमा खटिएको निजामती कर्मचारीले सो अवधिमा खाइपाई आएको तलब, भत्ता र अन्य सुविधाबापतको रकम काज खटाउने पदाधिकारीबाट सरकारी बाकी सरह असूलउपर गरी विभागीय कारबाहीद्धट गरिनेछ ।<br>(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्लास्तरका कार्यालयहरू स्थानीय निकायमा हस्तान्तरण हुँदा त्यस्ता जिल्लास्तरका कार्यालयमा कार्यरत निजामती कर्मचारीलाई नेपाल सरकारले काजमा खटाउन सक्नेछ ।<br>(५) उपदफा (४) बमोजिम काजमा खटाइएका कर्मचारीको दरबन्दी | काजमा खटाइने छैन ।"<br>(२) उपदफा (३) मा रहेका "(२क) र (२ख)" भन्ने शब्दहरुको सट्टा "(२क), (२ख) र (२घ)" भन्ने शब्दहरु राखिएका छन् । | |

| | | | |
|---|---|---|---|
| | निजको सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयमा रहनेछ ।<br>(६) उपदफा (४) बमोजिम खटाइएको कर्मचारीहरू आ-आफ्नो साविकको सेवा, समूह वा उपसमूहमा हुने बढुवाको लागि उम्मेदवार हुन सक्नेछन् र राजपत्र अनंकित कर्मचारी भए निज कार्यरत जिल्लामा हुने बढुवाको सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।<br>(७) काजसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । | | |
| ६. | **१९. बढुवा:** (१) नेपाल न्याय सेवाको राजपत्रांकित पदमा बाहेक अन्य निजामती सेवाको राजपत्रांकित पदमा बढुवा गर्दा दफा २० बमोजिमको बढुवा समितिको सिफारिसमा गरिनेछ ।<br>(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्रांकित विशिष्ट श्रेणीको पदमा देहायबमोजिम बढुवा गरिनेछ:-<br>(क) राजपत्रांकित विशिष्ट श्रेणीको मुख्य सचिवको पदमा बढुवा गर्दा बहालवाला सचिवहरूमध्येबाट नेपाल सरकारले ज्येष्ठता र कार्यकुशलताको आधारमा छनौट गरी बढुवा गर्नेछ ।<br>(ख) राजपत्रांकित विशिष्ट श्रेणीको सचिव वा सो सरहको रिक्त पदमा बढुवा गर्न बढुवा समितिले सम्भाव्य उम्मेदवारहरूमध्येबाट उपलब्ध भएसम्म रिक्त पदको तेब्बर संख्यामा कार्यसम्पादन मूल्यांकनको आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्नेहरूलाई सिफारिस गर्नेछ र त्यसरी सिफारिस गरिएका उम्मेदवारहरूमध्येबाट नेपाल सरकारले ज्येष्ठता र कार्यकुशलताको आधारमा उपयुक्त ठहऱ्याएको उम्मेदवारलाई बढुवा गर्नेछ ।<br>(ग) सचिव वा सो सरहको विशिष्ट श्रेणीको पदमा सम्भाव्य उम्मेदवार हुन राजपत्रांकित प्रथम श्रेणीका कर्मचारीले नेपाल सरकारले तोकेको उच्चस्तरीय व्यवस्थापन तालिमसमेत उत्तीर्ण गरेकोहुनुपर्नेछ ।<br>तर यो दफा प्रारम्भ भएपछि एक वर्षभित्र हुने बढुवामा यो व्यवस्था लागू हुने छैन ।<br>(घ) खण्ड (ख) बमोजिमको विशिष्ट श्रेणीको बढुवाको लागि कार्यसम्पादन मूल्यांकनको गणना गर्दा बढुवा हुन जति वर्षको न्यूनतम सेवा अवधि आवश्यक पर्ने हो, पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्यांकनको गणना गरिनेछ ।<br>तर यो दफा प्रारम्भ भएपछि संवत् २०६४ साल कार्तिक | <u>मूल ऐनको दफा १९ मा संशोधन</u> : मूल ऐनको दफा १९ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-<br>"(ख) राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सो सरहको पदमा भए :<br>(१) रिक्त पद मध्ये २० प्रतिशत पदमा कार्यसम्पादन मूल्याङ्कनमा औसतमा पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेका र राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा सबैभन्दा बढी सेवा अवधि भएको सम्भाव्य उम्मेदवारलाई बढुवा समितिको सिफारिसमा नेपाल सरकारले बढुवा गर्नेछ ।<br>(२) रिक्त पद मध्ये ८० प्रतिशत पदमा कार्यसम्पादन मूल्याङ्कनको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सम्भाव्य उम्मेदवारहरु मध्येबाट उपलब्ध भएसम्म रिक्त पदको तेब्बर संख्यामा बढुवा समितिले सिफारिस गरेका उम्मेदवारहरु मध्येबाट नेपाल सरकारले ज्येष्ठता र कार्यकुशलताको आधारमा उपयुक्त ठहऱ्याएको उम्मेदवारलाई बढुवा गर्नेछ ।<br>(३) यस खण्ड बमोजिम बढुवा समितिले सिफारिस गर्दा पहिले उपखण्ड (१) बमोजिमको सिफारिस गरेपछि उपखण्ड (२) बमोजिमको सिफारिस गर्नेछ ।<br>(४) यस खण्ड बमोजिम पदपूर्तिको लागि लोक सेवा आयोगले पदसंख्या निर्धारण गर्नेछ ।" | अन्य पदमा ज्येष्ठतालाई प्राथमिकता दिई बढुवा गर्ने व्यवस्था कायम गर्ने प्रस्ताव भएकोले राजपत्रांकित विशिष्ट श्रेणीको पदमा बढुवा गर्दा समेत केही पदमा ज्येष्ठताको आधारमा बढुवा गर्ने व्यवस्था गरी ज्येष्ठताको कदर गर्ने व्यवस्था कायम गर्नु उचित भएकोले ।<br><br>विशिष्ट श्रेणीको पदमा बढुवाको लागि दुईवटा प्रक्रिया हुने हुँदा प्रतिशत निर्धारण लोक सेवा आयोगबाट गर्न आवश्यक भएकोले । |

<table>
<tr>
<td></td>
<td>मसान्तभित्र बढुवा गर्दा संवत् २०६३ साल आषाढ मसान्तसम्मको महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपांग र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका कर्मचारीको हकमा पछिल्लो तीन वर्ष र अन्यको हकमा पछिल्लो चार वर्षको कार्यसम्पादन मूल्यांकनको आधारमा बढुवा गरिनेछ ।<br>(ङ) यस दफाबमोजिम रिक्त हुने पदमा बढुवाको कारबाही प्रत्येक वर्षको पौष महिनाभित्र एकपटक र आषाढ महिनाभित्र एकपटक गरी वर्षको दुईपटक गरिनेछ ।</td>
<td></td>
<td></td>
</tr>
<tr>
<td>७.</td>
<td>२४घ. शैक्षिक योग्यता र तालिमको मूल्यांकन: (१) निजामती कर्मचारीलाई शैक्षिक योग्यताको अंक दिंदा निजामती सेवाको कुनै पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयको एक अतिरिक्त शैक्षिक उपाधिबापत बाह्र अंकमा नबढ्ने गरी देहायबमोजिम अंक दिइनेछ । सेवा प्रवेश गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक उपाधि मात्र पाएको अवस्थामा पनि सोही बराबरको दुवै अंक दिइनेछ:-
<table>
<tr><td rowspan="2">शैक्षिक योग्यता (उपाधि)</td><td colspan="3">अंक</td></tr>
<tr><td>प्रथम श्रेणी</td><td>द्वितीय श्रेणी</td><td>तृतीय श्रेणी</td></tr>
<tr><td>(क) सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता वापत</td><td>९</td><td>८.७५</td><td>८.५</td></tr>
<tr><td>(ख) सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित विषयको कुनै एक अतिरिक्त शैक्षिक उपाधिबापत</td><td>३</td><td>२.७५</td><td>२.५</td></tr>
</table></td>
<td><u>मूल ऐनको दफा २४घ. मा संशोधन</u> : मूल ऐनको दफा २४घ. को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-<br>"(१) निजामती कर्मचारीहरुलाई शैक्षिक योग्यताको अङ्क दिंदा निजामती सेवाको कुनै पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत एकमुष्ठ नौ अङ्क र सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सेवा, समूह वा उप-समूहसँग सम्बन्धित विषयको एक अतिरिक्त शैक्षिक उपाधि बापत एकमुष्ट तीन अङ्क दिइनेछ । सेवा प्रवेश गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक उपाधि मात्र पाएको अवस्थामा पनि सोही बराबरको दुवै अङ्क दिइनेछ ।"</td>
<td>योग्यता प्रणालीलाई कायम राख्न कर्मचारीको बढुवा गर्दा शैक्षिक योग्यताको भूमिका समेत उल्लेख्य रुपमा गर्नु पर्ने भए तापनि बढुवा व्यवस्थामा कार्यसम्पादन र ज्येष्ठताको अनुभवलाई प्राथमिकता दिनु पर्ने भएकोले प्रत्येक पटकको बढुवामा शैक्षिक योग्यताको विभिन्न श्रेणीको फरक अंक दिनु औचित्यपूर्ण नभएकोले ।</td>
</tr>
<tr>
<td>८.</td>
<td>नयाँ थप</td>
<td><u>मूल ऐनमा दफा २४घ१क. र २४घ१ख. थप</u>: मूल ऐनको दफा २४घ१. पछि देहायको दफा २४घ१क. र २४घ१ख. थपिएका छन् :-<br>"<u>२४घ१क.जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा समितिले जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको लागि सिफारिस गर्दा बढुवा</td>
<td>नियमित बढुवा प्रणालीमा सुधार गरी ज्येष्ठतालाई प्राथमिकता दिने बढुवा प्रणालीको व्यवस्था समेत</td>
</tr>
</table>

| | | | |
|---|---|---|---|
| | | हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सबैभन्दा बढी सेवा अवधि भएका उम्मेदवारलाई देहाय बमोजिमको आधारमा बढुवाको सिफारिस गर्नेछ :-<br>(क) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसतमा पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको,<br>(ख) राजपत्र अनङ्कित प्रथम श्रेणीको पदको लागि कम्तीमा एस. एल. सी. वा सो सरहको शैक्षिक योग्यता भएको,<br>(ग) राजपत्राङ्कित पदको लागि देहाय बमोजिमको योग्यता भएको :-<br>(१) राजपत्राङ्कित द्वितीय श्रेणी वा सो भन्दा माथिको पदको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह वा सो सरहको तथा राजपत्राङ्कित तृतीय श्रेणीको पदको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता भएको,<br>(२) बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढीको सेवाकालीन तालीम लिएको,<br>(३) हाल बहाल रहेको श्रेणीमा भौगोलिक क्षेत्रमा काम गरे बापत दफा २४ग. बमोजिम पूरा अङ्क प्राप्त गरेको ।<br>तर भौगोलिक क्षेत्रमा काम गरे बापत पूरा अङ्क प्राप्त गरेको संभाव्य उम्मेदवार नभएमा वा छुट्याइएको रिक्त पदमा सम्भाव्य उम्मेदवार नपुग हुने अवस्था | समावेश गर्नु उपयुक्त भएको र यसरी बढुवा गर्दा निश्चित हद सम्म कार्यसम्पादन मूल्यांकन, शैक्षिक योग्यता, तालीम र भौगोलिक् क्षेत्रको अनुभवलाई अनिवार्य गर्नु उपयुक्त भएकोले । |

| | | | |
|---|---|---|---|
| | | भएमा त्यस्तो पदमा भौगोलिक क्षेत्रमा काम गरे बापत पूरा अङ्क प्राप्त नगरेको कर्मचारीलाई पनि सम्भाव्य उम्मेदवार कायम गरी बढुवा गरिनेछ ।<br>(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा समितिले ऐनको दफा ७ को उपदफा (१) को खण्ड (घ) बमोजिमको जेष्ठता र कार्यसम्पादन मूल्यांकनको आधारमा बढुवाको लागि सिफारिस गर्दा देहायको आधारमा बढुवाको सिफारिस गर्नेछ-<br>(क) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्यांकनको औसतमा पन्चानब्बे प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गरेको,<br>(ख) सम्बन्धित सेवा, समूह वा उपसमूहको राजपत्र अनंकित द्वितीय श्रेणीको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको, र<br>(ग) श्रेणी विहिन पदमा वा राजपत्र अनङ्कित पाँचौं श्रेणीको पदमा आवद्ध भएका उम्मेदवारलाई श्रेणी विहिन पदमा गरेको सेवा अवधि समेत गणना गरी कम्तीमा कूल सेवा अवधि वीस वर्ष पूरा भएका उम्मेदवारहरु मध्ये सबैभन्दा बढी सेवा अवधि भएको ।<br>(३) उपदफा (१) को खण्ड (ग) को उपखण्ड (३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको सम्भाव्य उम्मेदवार बढुवा भएमा त्यस्तो कर्मचारीको जेष्ठता सोही उपदफा बमोजिम बढुवा हुने अन्य कर्मचारी भन्दा पछि हुने गरी कायम गरिनेछ ।<br>(४) यस ऐन बमोजिम बढुवा गर्दा यस दफा बमोजिम गरिने बढुवाको कारवाही सम्पन्न गरी सिफारिस गरेपछि कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने | श्रेणी विहिनबाट राजपत्र अनंकित द्वितीय श्रेणीको प्राविधिक पदमा बढुवा गर्न सहज गर्नु परेकोले । |

| | | | |
|---|---|---|---|
| | | बढुवाको सिफारिस गर्नु पर्नेछ ।<br>२४घ१ख. <u>कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका कर्मचारीको समायोजन सम्बन्धी व्यवस्था</u> : (१) यो दफा प्रारम्भ हुनु भन्दा अघि कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका कर्मचारीहरुको समायोजनको लागि सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले यो दफा प्रारम्भ भएको मितिले एक महिनाभित्र सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगमा पुल दरवन्दी सिर्जना गरी त्यसरी बढुवा भएका तथा हुने कर्मचारीहरुलाई त्यस्तो दरवन्दीमा समायोजन पदस्थापना गर्नेछ ।<br>(२) यो दफा प्रारम्भ हुनु भन्दा अगावै कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि दरखास्त आह्वान भई बढुवा नियुक्ति पाउन बाँकी रहेको तथा यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि दरखास्त आह्वान भई बढुवा हुने कर्मचारीहरुको समायोजनको लागि सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगमा पुल दरवन्दी सिर्जना गरी त्यसरी बढुवा भएका तथा हुने कर्मचारीहरुलाई त्यस्तो दरवन्दीमा समायोजन पदस्थापन गर्नेछ ।<br>(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यसरी बढुवा भएका तथा हुने कर्मचारीहरु निजामती सेवाको दरवन्दी नरहेको निकायमा कार्यरत रहेको भएमा त्यस्तो कर्मचारीको दरवन्दी भएको निकायमा पुल दरवन्दी सिर्जना गरी त्यस्तो दरवन्दीमा समायोजन पदस्थापन गर्नु पर्नेछ ।<br>(४) उपदफा (१), (२) र (३) बमोजिम समायोजन पदस्थापन भएपछि निजहरु बढुवा हुनु भन्दा अगाडि बहाल रहेको पद स्वतः खारेज हुनेछ । | कार्य सम्पादन तथा अनुभवको मूल्यांकनद्वारा बढुवा भएका कर्मचारीहरुलाई व्यवस्थित रुपमा समायोजन गर्नु आवश्यक भएकोले । |

| | | | |
|---|---|---|---|
| | | (५) उपदफा (१), (२) र (३) बमोजिम समायोजन पदस्थापन भएको दुई महिनाभित्र सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगले साविकको संगठन संरचना र दरवन्दीको पुनरावलोकन गरी कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका तथा हुने कर्मचारीहरुको समायोजनको लागि आवश्यक पर्ने दरवन्दीको स्तर उन्नति र थप दरवन्दीको यकिन गरी स्वीकृतिको लागि सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ। यसरी पठाइने विवरणमा साविकको दरवन्दी, कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएको तथा हुने कर्मचारीको विवरण तथा पुनःसंरचना गरी समायोजन गर्न सकिने दरवन्दीको विवरण खुलाइ पठाउनु पर्नेछ।<br>(६) उपदफा (५) बमोजिमको विवरण प्राप्त भए पछि सामान्य प्रशासन मन्त्रालयले सोको विश्लेषण गरी उपयुक्त ठहराएको दरवन्दी एक महिनाभित्र स्वीकृत गर्नेछ।<br>(७) उपदफा (६) बमोजिम दरवन्दी स्वीकृत भएपछि संशोधित दरवन्दी विवरण निजामती किताबखानाबाट अद्यावधिक गराउनु पर्नेछ।<br>(८) उपदफा (७) बमोजिम निजामती किताबखानाबाट दरवन्दी विवरण अद्यावधिक भए पछि उपदफा (६) बमोजिम स्वीकृत भएको दरवन्दीमा सेवा, समूह तथा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले उपदफा (९) बमोजिम तयार गरिएको योग्यताक्रम सूची मध्ये माथिल्लो योग्यताक्रममा पर्ने कर्मचारीहरुको रुची तथा चाहनाको प्राथमिकताक्रम निर्धारण गर्न लगाई पदस्थापन गर्नेछ।<br>(९) उपदफा (८) को प्रयोजनको लागि सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले सम्बन्धित सेवा, समूह वा उपसमूहका कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका कर्मचारीहरुको योग्यताक्रम सूची तयार गरी राख्नु पर्नेछ। यसरी योग्यताक्रमको सूची तयार गर्दा | |

| | | | |
|---|---|---|---|
| | | देहायको आधारमा तयार गर्नु पर्नेछ :-<br>(क) हाल बहाल रहेको श्रेणीको पदमा ज्येष्ठता लागू भएको मितिको आधारमा,<br>(ख) खण्ड (क) बमोजिम ज्येष्ठता नछुट्टिएमा एक श्रेणी मुनिको पदमा नियुक्ति वा बढुवा निर्णय भएको मितिको आधारमा,<br>(ग) खण्ड (क) र (ख) मा उल्लिखित आधारबाट ज्येष्ठता नछुट्टिएमा एक श्रेणी मुनिको पदको लागि लोक सेवा आयोग वा बढुवा समितिको सिफारिसको योग्यताक्रमको आधारमा,<br>(घ) खण्ड (क), (ख) र (ग) बमोजिम ज्येष्ठता नछुट्टिएमा उमेरको ज्येष्ठताको आधारमा ।<br>(१०) उपदफा (८) बमोजिम पदस्थापन भएपछि त्यस्तो पुल दरबन्दी स्वतः खारेज हुनेछ ।<br>(११) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१), (२) र (३) बमोजिम पुल दरवन्दीमा रहेका कर्मचारीहरु उपदफा (८) बमोजिम पदस्थापन नभई अन्यत्र सरुवा हुने छैन ।<br>(१२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (८) बमोजिम पदस्थापन भएको कार्यालयमा दफा १८ को उपदफा (३) बमोजिमको अवधि पूरा नभई कुनै पनि कर्मचारीलाई अन्यत्र सरुवा गरिने तथा काज खटाइने छैन ।<br>(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम हुने समायोजन पदस्थापनले यस दफा बमोजिम सिर्जना भएको पद बाहेक अन्य रिक्त पदमा दफा ७ को उपदफा (१) बमोजिम पदपूर्ति गर्ने व्यवस्थामा कुनै प्रतिकूल असर पुऱ्याउने छैन ।" | |
| ९. | नयाँ थप | <u>मूल ऐनमा दफा ३७क. थप :</u> मूल ऐनको दफा ३७ पछि देहायको दफा | |

नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय

| | | | |
|---|---|---|---|
| | | ३७क. थपिएको छ :-<br>"३७क. <u>सेवा अवधि गणना हुने</u> : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ को उपदफा (१४) बमोजिम स्थायी नियुक्ति पाएको निजामती कर्मचारीले यो दफा प्रारम्भ भएको मितिले साठी दिनभित्र निजले निजामती सेवाको स्थायी नियुक्ति लिनु भन्दा अघि गरेको विकास तर्फको पदमा निरन्तर रुपमा गरेको सेवा अवधि जोडाउन निवेदन दिएमा त्यस्तो सेवा अवधिको शतप्रतिशत सेवा अवधि निवृत्तभरण वा उपदानको प्रयोजनको लागि हालको सेवा अवधिमा गणना गरिनेछ।" | महिला विकास कार्यक्रमको स्थायी पदमा कार्यरत रही दफा ७ को उपदफा (१४) को व्यवस्था बमोजिम स्थायी भएका महिला कर्मचारीहरुको पहिलेको सेवाको शतप्रतिशत उपदान तथा निवृत्तिभरण प्रयोजनको लागि गणना हुने व्यवस्था गर्न आवश्यक भएकोले। |
| १०. | **२४घ१. कार्यसम्पादन तथा अनुभवको मूल्यांकनद्वारा गरिने बढुवासम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको श्रेणीको पदमा कम्तीमा देहायबमोजिमको सेवा अवधि पूरा गरेका निजामती कर्मचारीले सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा सेवा प्रवेश गर्दा वा समूहीकृत हुँदाका बखत निर्धारित आवश्यक न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक योग्यता सेवा प्रवेश वा समूहीकृत हुनुभन्दा अघि वा पछि प्राप्त गरेको भए त्यस्ता निजामती कर्मचारीलाई एक श्रेणी माथिको पदमा बढुवा गरिनेछ :-<br>(क) राजपत्र अनंकित द्वितीय श्रेणी - दश वर्ष<br>(ख) राजपत्र अनंकित प्रथम श्रेणी - बाह्र वर्ष<br>(ग) राजपत्रांकित तृतीय श्रेणी - पन्ध्र वर्ष<br>(घ) राजपत्रांकित द्वितीय श्रेणी - अठार वर्ष<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्रांकित तृतीय श्रेणी, राजपत्र अनंकित प्रथम श्रेणी र राजपत्र अनंकित द्वितीय श्रेणीका निजामती कर्मचारीले एउटै श्रेणीको स्थायी पदमा क्रमशः अठार, पन्ध्र र तेह्र वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा गरी सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा सेवा प्रवेश गर्दा वा समूहीकृत हुँदाका बखत निर्धारित विषयमा न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको भए त्यस्तो निजामती कर्मचारीलाई एक श्रेणी माथिको पदमा बढुवा गरिनेछ।<br>(३) उपदफा (१) र (२) बमोजिमको बढुवा हुन देहायको सर्त पूरा भएको हुनुपर्नेछः-<br>(क) दफा २२ अनुसारको कारबाही भएको हुन नहुने,<br>(ख) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्यांकनमा औसतमा नब्बे | <u>खारेजी</u> : मूल ऐनको दफा २४घ१. खारेज गरिएको छ। | बढुवा प्रणालीलाई व्यवस्थित बनाउँदै ज्येष्ठताको आधारमा बढुवामा प्राथमिकता पाउने व्यवस्था समेत समावेश भई सकेकोले प्रस्तुत व्यवस्था कायम राखि रहनु आवश्यक नभएकोले। |

| | | | |
|---|---|---|---|
| | प्रतिशत वा सोभन्दा बढी अंक प्राप्त गरेको हुनुपर्ने ।<br>(४) नेपाल न्याय सेवाको राजपत्रांकित पदबाट बढुवा हुने अवस्थामा न्याय सेवा आयोगले र सोबाहेक उपदफा (१) वा (२) बमोजिम बढुवाको सिफारिस गर्ने प्रयोजनका लागि देहायबमोजिमको एक बढुवा समिति रहनेछः-<br>(क) लोकसेवा आयोगको अध्यक्षले तोकेको लोकसेवा आयोगको सदस्य - अध्यक्ष<br>(ख) सचिव, सम्बन्धित कर्मचारी बहाल रहेको मन्त्रालय वा निकाय - सदस्य<br>(ग) सचिव, सामान्य प्रशासन मन्त्रालय वा निजले तोकेको सोही मन्त्रालयको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत - सदस्य<br>स्पष्टीकरणः सामान्य प्रशासन मन्त्रालयको कर्मचारीको बढुवा गर्नुपरेको अवस्थामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सचिव सदस्य रहनेछ ।<br>(५) उपदफा (४) बमोजिमको बढुवा समितिको सचिवालय बढुवाको उम्मेदवार हुने कर्मचारी बहाल रहेको मन्त्रालय वा निकायमा रहनेछ र बढुवा समितिले यस दफाबमोजिमको बढुवा सिफारिस गर्दा प्रत्येक आर्थिक वर्षको पौष महिनामा एकपटक र आषाढ महिनामा एकपटक गरी वर्षको दुईपटक गर्नुपर्नेछ ।<br>(६) उपदफा (१) वा (२) बमोजिम बढुवा गर्नको लागि त्यस्तो कर्मचारी बहाल रहेको कार्यालयमा<br>सम्बन्धित सेवा, समूह वा उपसमूहको एक श्रेणी माथिको विशेष पद स्वतः सिर्जना हुनेछ र त्यस्तो पदमा सम्बन्धित निकायले बढुवा गरेपछि बढुवा कायम भएको मितिदेखि लागू हुने गरी बढुवा भएको विशेष पद निजामती किताबखानाले दर्ता गर्नेछ ।<br>(७) उपदफा (६) बमोजिमको पदमा बढुवा भएको कर्मचारी जुनसुकै कारणले सेवाबाट अवकाश भएमा वा निज माथिल्लो पदमा बढुवा भएमा वा दरबन्दीको पदमा समायोजन भएमा त्यस्तो पद स्वतः खारेज भई निज यस दफाबमोजिम बढुवा हुनुभन्दा तत्काल अगाडिको पद स्वतः कायम भएको मानिनेछ र सोही बमोजिम निजामती किताबखानाले त्यस्तो पदको अभिलेख व्यवस्थित गर्नेछ ।<br>(८) उपदफा (७) बमोजिम समायोजन भएको अवस्थामा बाहेक उपदफा (६) बमोजिमको विशेष पदमा बढुवा भएको निजामती कर्मचारीले त्यसरी बढुवा हुनुभन्दा अगाडिको पदमा बहाल रहँदा सम्पादन गरेको काम नै सम्पादन गर्नुपर्नेछ ।<br>तर ज्येष्ठता गणना गर्दा बढुवा भएकै पदको गणना गरिनेछ र यस | | |

| | | | |
|---|---|---|---|
| | दफाबमोजिम बढुवा पाएको कर्मचारीले सोभन्दा माथिल्लो श्रेणीको पदको निम्ति हुने सबै प्रकारको बढुवाको निम्ति प्रतिस्पर्धा गर्न पाउनेछ ।<br>(९) यस दफाबमोजिम बढुवा भएका कर्मचारीहरूको उपदफा (७) बमोजिम समायोजन नभएसम्म अन्य निकायको यसै दफाबमोजिमको बढुवाद्वारा सिर्जना भएको विशेष दरबन्दीमा मात्र सरुवा गरिनेछ ।<br>(१०) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफाबमोजिमको बढुवाबाट एकै<br>कार्यालयमा एकै श्रेणीका एकभन्दा बढी कर्मचारीहरू भई कार्यालय प्रमुख हुन सक्ने अवस्था भएमा त्यस्तो कार्यालयमा बहाल रहेका त्यस्ता श्रेणीका कर्मचारीमध्ये सबैभन्दा वरिष्ठ कर्मचारी कार्यालय प्रमुख भई काम गर्नेछ ।<br>(११) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि पहिलोपटक बाहेक बढुवा गर्दा पहिले कार्यक्षमताको मूल्यांकनद्वारा हुने बढुवाको कारबाही सम्पन्न गरी त्यसपछि मात्र यस दफाबमोजिमको बढुवाको सिफारिस गर्नुपर्नेछ ।<br>(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्तर वृद्धि हुने पदमा यस दफा बमोजिमको बढुवा व्यवस्था लागू हुनेछैन ।<br>(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफाबमोजिम हुने बढुवाले खुल्ला प्रतियोगिताद्वारा पद पूर्ति गर्ने व्यवस्थामा कुनै प्रतिकूल असर पुऱ्याउने छैन ।<br>(१४)कार्यसम्पादन तथा अनुभवको मूल्यांकनद्वारा गरिने बढुवाको दरखास्त आह्वान गर्ने, नतिजा प्रकाशन गर्ने प्रक्रिया र अवधि, बढुवाउपरको उजुरी एवं बढुवा पाउने कर्मचारीहरूको समायोजनलगायतका कार्यविधिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । | सामान्य प्रशासन मन्त्रालय पुस्तकालय (60)<br>सामान्य प्र... पुस्तकालय मन्त्रालय | |